संघीय लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित

मुलुकी
राष्ट्रिय दैनिक

खबर

माझखर्क
साप्ताहिकको सह-प्रकाशन

■ बर्ष-१७, ▸▸ अंक १३भदौ ३० गते बुधबार,२०७८, Septmber–15 Wednesday 2021 ,यलेदुङ किरात सम्बत) ५०८१, उ.जि.प्र.का.द.नं. १४/०६२/६३■ पृष्ठ -४ ▸▸ मूल्य रु. १०/-www.majhkharka.com

मुलुकी दैनिक पत्रिकाको भदौ महिनाको मासिक शुल्क बितरकलाई पठाईदिन हुन जरुरी सुचना । थप जानाकारीको लागि ९८४२९८५१८८

नगरपालिकाको बेवास्ताले राष्ट्रिय प्रतियोगिताबाट वञ्चित

बुद्धिकुमार राई
त्रियुगा, भदौ २९

आठौं राष्ट्रिय महिला फुटबल प्रतियोगितामा उदयपुरको चौदण्डी नगरपालिका बाहेक ३ नगरपालिका र ४ वटा गाउँपालिकाले छनौट खेलमा भाग लिन नपाउने भएका छन् ।

त्रियुगा नगरपालिकाले महिला फुटबल प्रतियोगिताको लागि कुनै बजेट नदिएको कारण २०७८ सालमा पनि त्रियुगा नगरपालिका उदयपुर गाईघाटका महिला

त्रियुगा नगरपालिकाको बेवास्ताको कारपउदयपुर जिल्लाको सदरमुकाम गाईघाटमा रहेको महिला फुटबल खेलाडीहरुले आठौ राष्ट्रिय महिला फुटबल प्रतियोगितामा भाग लिन नपाउने भएका छन्। तस्बिर - मुलुकी ।

नेकपा एमाले उदयपुरले बुधबार गाईघाट तताउने

मुलुकी संवाददाता
गाईघाट, भदौ २९

नेकपा एमाले उदयपुरले बुधबार उदयपुरमा जिल्ला भरका कार्यकर्तालाई उतार्ने भएका छन् । पछिल्लो समय नेकपा एमाले सँग असन्तुष्ट पक्षहरु नेकपा एकिकृत समाजवादी पार्टी भएर विभाजन भएपछि एमाले उदयपुरले आधिकारिक आफ्ना कार्यकर्तालाई चिन्नलाई भए पनि कार्यकर्ता भेला आयोजना गर्न लागिएको हो ।

उदयपुर जिल्लाको सदरमुकाम गाईघाटमा रहेको मदन भण्डारी सभाहलमा १५ सय कार्यकर्ताहरु सहभागी हुनेछन् । सभालाई नेकपा एमालेका नेता तथा पूर्व सभामुख सुबास नेम्वाङले

सम्बोधन गर्ने भएका छन् । त्यस्तै प्रदेश नम्बर १ का पूर्व आन्तरिक मामिला मन्त्री हिक्मत कार्की, पूर्व सहरी बिकास राज्य मन्त्री मञ्जु चौधरीले सम्बोधन गर्ने भएको नेकपा एमाले उदयपुरका सदस्य सिर्जना दनुवारले बताईन । ।

उदयपुरका बान्तवा राईहरु चुपचाप बसेर के गर्दैछन् ?

सन्जु राई (सुमित्रा)
उदयपुर, भदौ २९

एक नम्बर प्रदेशको सरकारी कामकाजी भाषामा बान्तावा भाषालाई नसमेटेर अन्याय गरिएको भन्दै किरात राई बान्तावा खिमले आपती जनाएको छ ।

सुनसरीको इटहरीमा पत्रकार सम्मेलन गर्दै जनगणनाको समयमा समेत भाषाका विषयमा जानकारी नहुने गणकहरुलाई पठाएर तथ्याँक संकलन गरी बान्तावा भाषीको संख्या घटाइएको तथा अहिले प्रदेसको सरकारी कामकाजको भाषामा समेत नसमेटीएको भन्दै खिमले आपत्ती जनाएको हो ।

पत्रकार सम्मेलनमा करात राई बान्तावा खिमका केन्द्रीय अध्यक्ष ज्ञान किरातीले २०५८सालको जनगणनामा ३लाख ७१ हजार ५सय ५६ जनाले बान्तावा भाषा बोल्ने तथ्याँक देखाएकोमा २०६८सालको जनगणनामा सुनियोजित रुपमा छलकट गरी १लाख ३२हजार ५सय ८३ जना मात्र देखाइएको आरोप लगाए ।

उनले दस वर्षको अवधिमा जनसंख्या वृद्धि हुनु पर्नेमा सुनियोजित रुपमा सरकारी तथ्याँकमा किरात राईहरुको संख्या र बान्तावा भाषा बोल्नेहरुको संख्या घटाउने काम गरिएको भन्दै रोष प्रकट गरे ।

एक नम्बर प्रदेसमा २६भाषिक किरात राईहरु रहेको र झण्डै आधा हिस्साले बान्तावा राई भाषा बोल्ने गरेको समेत पत्रकार सम्मेलनमा जानकारी गराइएको थियो । भाषा आयोले समेत किरात राई बान्तावा भाषीहरुलाई अन्यायमा पारेरको भन्दै पत्रकार सम्मेलनमा आयोगले सरोकारवालाहरुसंग छलफल नगरी हचुवाको भरमा निणर्य गरेको भन्दै आयोग प्रति पनि कार्यक्रम आयोजकहरुले गुनासो गरेका थिए । यो निणर्य आफुहरुलाई मान्य नहुने भन्दै सच्याउनु पर्ने माग समेत किरात राईहरुले गरेका छन ।

सावित्रा देवी सप्लायर्स एण्ड ट्रेडर्स
त्रि.न.पा.-११, असारी टोल
यहाँ घर निर्माण सम्बन्धि सम्पूर्ण सामानहरु पाउनुको साथै
विजुलीका सामानहरु पनि सुपथ मुल्यमा पाईन्छ ।
सम्पर्क नं. ९८१८६१८१०१

प्रोपाईटर - बिकास कटेल
सम्पर्क - ९८१८६१८१०१

सम्पादकीय

बाल दिबसको महत्व

२०७८ साल भदौ २९ गते मंगलबार ५८ औ राष्ट्रिय बाल दिबस देशभर बिबिध कार्यक्रमका साथ मनाईयो। बाल दिबसको अबसरमा मुख्य त बिद्यालय तहमा अध्ययन गर्ने बिद्यार्थीहरुलाई महत्वको साथ यो दिबसमा सहभागी गराईने गरिन्छ। माध्यमिक तहका बिद्यार्थीहरुलाई बालदिबसले बिशेष महत्व राख्ने गर्दछ। बाल दिबस कहिले आउँला र आफ्नो अतिरिक्त क्रियाकलाप प्रस्तुत गर्ने हुटहुटी हुने गर्दथ्यो। यो अबसरमा यो बर्षको बाल दिबस पनि प्रभावित बन्यो। कोविड महामारीको कारण बन्द रहेको शैक्षिक संस्था केही दिन अघि मात्र खुलेका कारण यो बर्षको ५८ औ राष्ट्रिय बाल दिबस सकेसम्म सफलताका साथ सम्पन्न भयो। देशभर नै बालदिबसको अवसरमा बिबिध कार्यक्रम आयोजना गरी सम्पन्न गरेको समाचार, खबर बिभिन्न सामाजिक सन्जालबाट पाईएको छ। यो सकरात्मक सन्देश हो। आगामी बाद दिबसलाई भब्य रुपले सम्पन्न गर्ने योजना बनाई बालबालिकाहरुलाई सक्रिय बनाउनु हाम्रो दायित्व हो।

बाल दिवस मनाई रहँदा बिभिन्न बिद्यालयहरुले बिबिध अतिरिक्त क्रियाकलाप गरी बालबालिकाहरुलाई सक्रिय बनाई बाल दिबस सम्पन्न गरे। पछिल्लो समय बालबालिकाहरु बिद्यालयमा अध्ययन नहुँदा अरिरिक्त क्रियाकलापमा सहभागी हुन पाएका थिएनन्। बिद्यालय नखुलेका कारण उनीहरु मोबाईल र इन्टरनेटमा झुमिएका हुन्थे। अब भने उनीहरु बिद्यालयको पढाईले गर्दा अध्ययननै मै ब्यस्त हुनेछन्। बाल दिबसले बालबालिकालाई सकरात्मक सन्देश दिएको छ। बाल दिबसको अबसरमा उदयपुर जिल्ला भर बिबिध कार्यक्रम भएको छ। बाल दिवस बिद्यालय जाने बालबालिकाहरुलाई मात्र नभएर सम्पुर्ण बालबालिकाहरुलाई दिबस खुशीको साथ मनाउने बाताबरण परिवार, अविभावक र स्थानिय सरकारले बनाईदिनु पर्दछ।

बाल दिबसले बालबालिकामा भएको अतिरिक्त क्षमताको बिकास हुनु पर्दछ। समाजको बिभिन्न तह, तप्का, क्षेत्र, लिङ्ग, बर्ग तथा बौद्धिक बिकास नभएका, अपाङ्ग, सुस्तमनिस्थिती भएका बालबालिकाहरुलाई पनी यो बाल दिबसले सम्बोधन गर्नु पर्दछ। बाल दिबसहरु सदरमुकाममुखी, बजारमुखी मात्र नभएर जिल्लाका सबै बिद्यालयहरु गाउँ - गाउँमा बाल दिबस उत्सबको रुपमा मनाईनुपर्दछ। बाल दिबसले मोबाईलमा झुम्मिने लत बसेका बालबालिकाहरुलाई अध्ययन, सामाजिक काम, नैतिक शिक्षा जस्ता अतिरिक्त क्रियाकलापमा सहभागी हुन सन्देश दिन सक्नुपर्दछ। यस्ता बाल दिबसले अध्ययन छोडेका बालबालिका, होटल, कलकारखानामा काम गरिरहेका बालबालिकाहरुलाई बिद्यालय सम्म पढ्न जाने बाताबरण सिर्जना गर्न सक्नुपर्दछ। साच्चै नै अहिलेका बालबालिका कुलत र लागुपर्दाथ सेवनको सिकार बन्ने संभावना बढि भएकाले पनि हामीले उनीहरुलाई बचाउन सक्नुपर्दछ।

गाईघाट बजारको खुद्रा तरकारी भाउ।

१, आलु	रु ४०
२, अदुवा	रु १२०
३, टमाटर	रु ५०
४, बन्दा	रु ६०
५, भेन्टा	रु ४०
६, खुर्सानी	रु ७०
७, मुला	रु १२०
८, पर्बल	रु ६०
९, तितेकरेला	रु १००
१०, भिन्डी	रु ७०
११, च्याउ	रु २४०
१२, काउली	रु १६०
१३, पर्सी	रु ४०
१४, कटहर	रु ४०
१५, काँका	रु ५०
१६, धनियाँ	रु ४०
१७, लोकल बोडी	रु १००
१८, खर्बुजा	रु ४०
१९, रायो साग	रु १६०
२०, लट्टे साग	रु ८०
२१, प्याज	रु ६०
२२, निगुरो	रु ६०
२३ दुध	रु. ७०
२४, दही	रु ९०
२५, मोही	रु ५०
२६, घ्यु	रु ७००
२७, राँगाको मासु	रु ४००
२८, बंगुरको मासु	रु ४००
२९, खसीको मासु	रु १,०००

नेपाली काङ्ग्रेस उदयपुर का धरोहर अर्जुन खड्का

भावना राई

लामो समयदेखि राजनीतिक क्षेत्रमा क्रियाशिल ८३ बर्षिय अर्जुन खड्का उदयपुरको कटारी नगरपालिका १४ सोरुङछविसे बरडाँडामा जन्मिएका हुन्। स्वर्गीय पिता खडग बहादुर खड्का र माता उषादेबि खड्काको कोखबाट १९९५ असोज ३ गते शुक्रबार जन्मिएका अर्जुन खड्काको ४ जना आमा मध्ये उनी साइली पटीको माईलो हुन्। उनका कृष्णबहादुर, केदारमान, पुर्ण, रुद्र, नारायण, चक्रबहादुर, रामजी, श्याम गरी जम्मा ९ दाजुभाइ छन्।

अर्जुन उदयपुर काँग्रेसका पूर्व सभापति पनि हुन्। उनी २०३० र २०४८ मा पार्टी सभापति बनेका थिए। हाल नेपाली काँग्रेस १४ औं महाधिबेशनको महासङ्ग्राममा छ। वडा चुनावका लागि मयंखु गएर वडा बाट क्षेत्रिय सदस्य जितेर आएका छन्। नेपाली काङ्ग्रेसको बिधानमा अहिले केन्द्रिय सदस्य, मन्त्री, र माननियहरुले चुनाव जित्नु नपर्ने भए पनि पार्टी सदस्यहरुले क्षेत्रिय समितिमा चुनाव जित्नुपर्ने भएकाले उनी क्षेत्रिय प्रतिनिधिको चुनाब जितेर अहिले अन्य चुनाबको लागि तयारीमा बसेका छन्। अब नगर, क्षेत्र र जिल्लामा जितेर प्रतिनिधि हुने र अरु चुनावमा लड्ने उद्देश्यका साथ खड्का लागि परेका छन्।

उदयपुरगढीमा २ वर्ष अध्ययन गरेका उनी त्यहाँबाट १३ जना काँग्रेस पक्राउ परेर जेल चलान भएको सुनाउँछन्। समशेर बहादुर, नरसिंह हरुलाई साङलाले हात बाँधेर हिडाउँदै गरेको देखेर अर्जुनले त्यसबेला उनले उनका बुबालाई सोधेका थिए। उनको बुबाले भनेका थिए त्यतिबेला तिनीहरुले राजनीति गर्दा यस्तै हुन्छ, तिमिलाई के थाहा ? त्यसपछि उनी उदयपुरगढी गए। फेरि त्यहाँदेखि राति भागेर लहान पुगे। लहानदेखि सप्तरी कंचनपुर पुगे। त्यहाँ कक्षा ४ सम्म अधयन गरे। त्यहाँ हिन्दी भाषाबाट अध्ययन गराइन्थ्यो, उनी पहिलो पटक कक्षामा फेल भए। त्यसपछि राजबिराज गएर कक्षा ५ सम्म अध्यन गरेर गाउँ फर्किए। उनले २०१६ सालमा एसएलसी गरे।

त्यसपछि काठमाडौं नोबेल कलेजमा राजनीति विषयमा अध्यन गरे। २०१८ सालमा उनको टिम पक्राउ पर्यो। अर्जुन ४ वर्षपछि जेलबाट भागेर घर आए। उनले २०२२ सालमा बिएड गरे। २०२९ सालमा सिन्धुलीबाट मधु थापासँग बिबाह गरे। उनका ३ छोरा छन्। जेठा प्रबिण खेति किसान, प्रदीप काँग्रेस जनबर्गिय संगठन नेपाल बिद्यार्थी संघको केन्द्रिय उपाध्यक्ष थिए, उनको २०७५ सालमा सवारी दुर्घटनामा परी निधन भयो। सुभाष अस्ट्रेलियामा छन्। उनकी जेठी पत्नीको २०६५ सालमा मृत्यु भयो। २०७२ सालमा उनले दुर्गादेबी भन्डारीसँग दोस्रो बिबाह गरे। उनीपटि एउटी छोरी छिन् लक्ष्मी। अब अर्जुन खड्काको अझै सांसद बनेर मन्त्री बन्ने सपना जिबितै छन्। ८३ बर्षिय अर्जुन खड्का अझै अन्य युवा जस्तै जोश जाँगर लिएर वडा, नगर, क्षेत्रिय अधिबेशनमा काङ्ग्रेसको संगठन बिस्तारमा लागि रहेका छन्।

बालदिबसको अबसरमा उदयपुरम बिबिध कार्यक्रम

बिक्रम राई

उदयपुर, भदौ २९

त्रियुगा नगरपालिका उदयपुरका सामाजिक सुरक्षा शाखाका प्रमुख शाखा अधिकृत बिश्व जित राई त्रियुगा नगरपालिका५ देउरी माबिका १५ जना बौद्धिक अपाङ्ग बालबालिकालाई बाल दिबसको असबर स्वास्थ्य सामाग्री बितरण गर्दै । तस्बिर - बुद्धि कुमार राई ।

बिभिन्न कार्यक्रमको आयोजना सहित १३ नं वडामा राष्ट्रिय वालदिवसको आयोजना गरिएको छ । १३ नं वडा स्थरी वाल समूह संञ्चालको आयोजना र१३ नं वडाको आर्थिक सहयोगमा बाल दिवस मनाइएको हो ।

हरेक बर्षका भदौ २९ गते मनाईदैं आएको राष्ट्रिय वाल दिवस नेपालका भिन्न ठाउँहरुमा बालबालिका सम्बन्धि बिभिन्न कार्यक्रमको साथमा मनाइने गरिन्छ ।

मंगलबार वडाको लक्ष्मिपुर स्कुलको प्राङगनमा वालवालिकाको सम्बन्धित क्षेत्रहरु स्थानीय सरकार, शिक्षक, अबिभावक, टोल विकास संस्था र विद्यार्थी सहितको बृहत उपस्थितिमा सांस्कृति कार्यक्रम र बतृत्वकला प्रतियोगिता गरी राष्ट्रिय वाल दिवस भव्यताका साथ मनाइएको संजालका अध्यक्ष सफल गुरागाईले बताउनुभयो ।

कार्यक्रमका प्रमुख अतिथि तथा वडाअध्यक्ष पशुपती चौधरीले व्यानर पढेर कार्यक्रमको उद्घाटन गर्नुभयो । कार्यक्रमको उद्घाटन सँगै अध्यक्ष चौधरीले वालवालीकाको क्षेत्रमा १३ नं वडा निकै अग्रसर रहेको बताउनुभयो । हरेक बर्ष वडाले वडाको बजेट विनियोजन भषणमै बालिकाको क्षेत्रमा बजेट छुट्याउने गरेको बताउनुभयो । चौधरीले वालवालिकाको क्षमता विकास कर्यक्रमका लागि यो बर्ष पनि राष्ट्रिय वाल दिवसमाको अवसरमा ५० हजार बजेट छुट्याएको बताउनुभयो ।

देश संघिय संरचनामा गए सँगै हरेक मानिसको अधिकार बरावरी रहेको भन्दै बालवालिकाको क्षेत्रमा पनि उत्तिकै अधिकारहरु सुनिश्चित भएको र लागु गरिएको अध्यक्ष चौधरीले बताउनुभयो । चौधरीले बालअधिकार सुनिश्चित गर्न सबै क्षेत्रले बालवालिकाहरुको बारेमा आवाज उठाउन पर्ने बताउनुभयो । वालवालिकाहरुको अधिकार सुनिश्च गर्नकै लागि वडामै वाल संञ्जाल स्थापना गरिएको समेत उहाँले बताउनुभयो ।


HOTEL RN & LODGE
Triyuga Municipality-11 Gaighat
ROOM AC/NON AC

सम्पूर्ण सामानहरु एउटै छानामुनि...
सबै प्रकारका गुणस्तरीय दैनिक उपभोग्य सामानहरू तथा कपडाहरू विद्युतीय सामानहरू लगायतका अन्य बिभिन्न आवश्यक सामाग्रीहरू चाहिए सगरमाथा डिपार्टमेन्ट स्टोरलाई सम्झिनुहोला । हामी ग्राहकको सेवामा सधैं समर्पित हुनेछौं ।
सगरमाथा डिपार्टमेन्ट स्टोर
स्थान : त्रिनपा ११ गाईघाट पिपलचोक, उदयपुर

इभा निशा कष्मेटिक पसल
यहाँ मेलानी, फिटमे मेब्लिन रेभलोन लोफ्ल्यौंस ब्राण्डका बिदेशी तथा स्वदेशी सामानहरु सुपथ मूल्यमा पाउनुका साथै बेहुलीलाई श्रृङ्गार, मेकअप पनि गरिन्छ ।
९८६२८३४२३४
सम्पर्क – त्रिनपा-११ गाईघाट बजार मेनचोक विशाल बजार अगाडी


युनिक रेष्टुरेन्ट
Unique Restaurant
त्रि.न.पा. ११,

नेपाली महिला फुटबल टिमले फिलिपिन्स र हङकङलाई हराउला त ?

बेद कुमारी राई
उदयपुर, भदौ २९

नेपाली राष्ट्रिय महिला फुटबल टोलीले भारतमा आयोजना हुने एएफसी महिला एसियन कप-२०२२ मा छनोट हुने लक्ष्य लिएको छ। त्यसको लागि नेपाली महिला फुटबल टिम छनोट खेलका लागि उज्वेकिस्तान प्रस्थान गर्नु अघि नेपाली टोलीका खेलाडीले एसियन कपमा छनोट भएर फर्कने बताएका छन्। नेपाली टिमको नेतृत्व रेनुका नगरकोटीले गरेकी छिन्।

नेपाली राष्ट्रिय महिला फुटबल टिम

नेपाली फुटबल टिमले उज्वेकिस्तानमा छनोटको समूह 'एफ' मा रहेको नेपालको समूहमा फिलिपिन्स र हङकङ रहेको छ। नेपालले फिलिपिन्ससँग खेल्दै छनोटको सुरुवात गर्नेछ। नेपाल र फिलिपिन्सबीचको खेल असोज २ गते हुनेछ।

छनोटको तयारीका लागि नेपाली टोलीले बंगलादेशी टोलीसँग दुई मैत्रीपूर्ण खेल खेलेको थियो। त्यहिँ खेलले नेपाली टोलीको कमजोर र बलियो पक्ष बुझेको कप्तान नगरकोटीले बताईन्।

'हामीले दुई मैत्रीपूर्ष खेल खेल्यौं। त्यस खेलले हाम्रो तयारीलाई मद्दत पुर्‍याएको छ। हाम्रो कमीकमजोरी र बलियो पक्ष मैत्रीपूर्णबाट बुझेका छौं। हामीले गल्तिहरु सुधारेर खेल्ने छौँ,' उनले भनिन्। नगरकोटीले टिमका सबै नयाँ खेलाडीहरु राम्रो भएको समेत बताईन्।

राष्ट्रिय टिममा सबै खेलाडी राम्रो छन्। उज्वेकिस्तानमा उनीहरुले आफ्नो कमीकमजोरी सुधार्ने छन्। उज्वेकिस्तानमा राम्रो गर्ने छौँ,' रेनुकाले भनिन्। नेपाली टोलीमा ७ नयाँ अनुहार रहेका छन्।

नेपाली टिमका मुख्य प्रशिक्षक ग्यारी फिलिप्सले छनोट नेपालको लागि चुनौती र मौका रहेको बताए। नेपाली टोलीले मौकालाई सदुपयोग गर्ने उनले बताए।

'हाम्रो लागि यो सुनौलो मौका हो। तर, हामीले दुई खेल जित्नु पर्छ। एक खेलको जितले पुग्दैन,' प्रशिक्षक ग्यारीले भने। प्रशिक्षक ग्यारीले उज्वेकिस्तानको गर्मी मौषमले भने खेलमा असर पार्ने बताए।

नेपाली टोलीका मिडफिल्डर प्रिती राईले उज्वेकिस्तानमा नेपालले आफ्नो असली खेल देखाउने बताईन्। उनले टिमको लक्ष्य एसियन कप छनोट हुनु रहेको बताईन्। दुई मैत्रीपूर्ण खेल खेल्यौं। त्यसले गर्दा हाम्रो मनोबल बढेको छ। हाम्रो असली खेल एसियन कप हो। एसियन कप छनोट हुने राम्रो लक्ष्य हो। त्यसको लागि मेहेनत गर्ने छौँ,' उनले भनिन्। नेपाली महिला फुटबल टिमले छनौट खेल पार गर्न दोस्रो खेलमा असोज ५ गते हङकङको सामना गर्नेछ। यस समूहको फिलिपिन्स र हङकङबीचको खेल असोज ८ मा हुनेछ। समूहको शीर्ष टोलीले अर्को वर्ष भारतमा हुने एसियन कप खेल्नेछ। एसियन कप जनवरी २० देखि फेरबरी ६ सम्म हुनेछ। नेपाली महिला फुटबल टिम जितेर आउने आशामा छ।

त्रियुगा ....

फुटबल खेलाडीहरुले भाग लिन नपाउने भएको हो। सातौं राष्ट्रिय महिला फुटबल खेलमा उदयपुरका चौदण्डीगढी नगरपालिकाले मात्र भाग लिएका थिए। यो बर्ष पनि उदयपुरको चौदण्डीगढी नगरपालिकाले मात्र प्रतियोगितामा भाग लिनेछन्। अहिले उदयपुर जिल्लाको सदरमुकाममा २४ जना भन्दा बढि महिला फुटबल खेलाडीहरु नियमित फुटबल प्रशिक्षण लिएको भए पनि त्रियुगा नगरपालिकाले बजेट नदिँदा उनीहरुले भाग लिन नपाएका हुन्। अब त्रियुगा नगरपालिकाका राम्रा खेलाडीहरुले चौदण्डीगढी नगरपालिकाले छानेर खेलाउन सक्नेछ।

उदयपुर जिल्लाको सदरमुकाम गाईघाटमा रहेको महिला फुटबल खेलाडीहरु आफ्नो पूर्व कोच दिपक थापाका साथमा खुशीका साथ सामुहिक तस्बिर खिचाउँदै। तस्बिर - मुलुकी।

सम्पुर्ण घर, भबन, कार्यालयहरुको आर्कषक लाईट बत्तीहरुको लागि प्रिसा
Prisha
Lighting & Electrical Solutions

बिके किराना पसल
३३ वर्ष अघि २०४५ साल मंसिर १ गतेदेखि ग्राहकहरूको सेवामा समर्पित......
प्रोपाइटर
भरत चामलिङ राई
गुणस्तरीय तथा सुपथ मूल्यमा सामान चाहिए हामीलाई सम्झनुहोस । हामी विगत ३३ वर्ष अघिदेखि निरन्तर ग्राहकको सेवा समर्पित छौं । यहाँ डिपार्टमेन्ट स्टोरमा झैं सेवा उपलब्ध छ, छानेर, रोजेर चाहिएको सामान लिन सक्नुहुनेछ । साथै, होम डेलिभरीको सेवा समेत उपलब्ध गराईन्छ ।
स्थानः त्रिनपा-११ गाईघाट, असारी रोड
FASHION HUB

प्रियंका फैन्सी पसल
[illegible]

माझखर्क साप्ताहिकको सह-प्रकाशन
मुलुकी
प्रकाशक : महेश्वर चामलिङ, सम्पादक : बुद्धिकुमार राई
प्रबन्ध निर्देशक : दिनेश चामलिङ कानुनी सल्लाहकार : अधिवक्ता कृष्ण बस्नेत,
कार्यालय- त्रियुगा नगरपालिका -११, गाईघाट उदयपुर, प्रदेश नमबर १, फोनः- ९८४२९८५१८८, ९८०३७२७८८०,
Email: mulukinews@gmail.com/rodung@gmail.com
wesite: www.majhkharka.com
मुद्रण :लक्ष्मी अफसेटप्रेस, गाईघाट